नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय मिति २०८०/१०/१६ को (मा. मन्त्रीस्तर) निर्णयले स्वीकृत निर्देशिका

# पशुपालन असल अभ्यास कार्यान्वयन निर्देशिका, २०८०

<u>प्रस्तावनाः</u> स्वस्थ पशु तथा स्वच्छ एवम् गुणस्तरीय पशुजन्य उत्पादन गर्न अभिप्रेरित गर्दै पशुपालनमा असल अभ्यासहरूको पालना गर्ने, गराउने कार्यलाई सरल र सहज बनाउन आवश्यक देखिएकोले पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६ को नियम २२क ले दिएको अधिकार प्रयोग गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले यो निर्देशिका जारी गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो निर्देशिकाको नाम "पशुपालन असल अभ्यास कार्यान्वयन निर्देशिका, २०८०" रहेको छ।

(२) यो निर्देशिका मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "निर्देशनालय" भन्नाले प्रादेश मन्त्रालय मातहतको पशुपन्छी क्षेत्रसँग सम्बन्धित निर्देशनालय सम्झनु पर्छ।

(ख) "निर्देशिका" भन्नाले पशुपालन असल अभ्यास कार्यान्वयन निर्देशिका, २०८० सम्झनु पर्छ।

(ग) "प्रादेशिक मन्त्रालय" भन्नाले प्रदेश सरकार मातहतको पशुपन्छी क्षेत्रसँग सम्बन्धित मन्त्रालय सम्झनु पर्छ।

(घ) "प्राविधिक परीक्षक" भन्नाले पशुपालन असल अभ्यास पालनाको परीक्षण गर्ने इजाजत प्राप्त व्यक्ति सम्झनु पर्छ।

(ङ) "प्राविधिक परीक्षण" भन्नाले प्राविधिक परीक्षकले पशुपालन असल अभ्यास पालनाका लागि इजाजत प्राप्त फार्मको स्थलगत अवलोकन र परीक्षण गरी प्रतिवेदन पेश गर्ने कार्य सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

(छ) "विभाग" भन्नाले नेपाल सरकारको पशु सेवा विभाग सम्झनु पर्छ।

(ज) "विज्ञ केन्द्र" भन्नाले निर्देशनालय मातहतको पशुपन्छी क्षेत्रसँग सम्बन्धित जिल्ला स्थित कार्यालय सम्झनु पर्छ।

(झ) "सम्बन्धित कार्यालय" भन्नाले सम्बन्धित स्थानीय तहको पशुपन्छी क्षेत्रसँग सम्बन्धित शाखा वा कार्यालय सम्झनु पर्छ।

(ञ) "सम्बन्धित स्थानीय तह" भन्नाले व्यावसायिक पशुपालन फार्म सञ्चालनमा रहेको गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

## परिच्छेद २

## असल अभ्यास पालना

३. **निवेदन दिनुपर्ने:** (१) पशुपालन असल अभ्यास पालना गर्न चाहने व्यक्ति वा फार्मले सम्बन्धित कार्यालयमा *अनुसूची १* बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा सम्बन्धित कार्यालयले *अनुसूची २* बमोजिमको चेकलिष्ट अनुसार स्थलगत अनुगमन गरी मूल्याङ्कन गर्नु पर्नेछ ।

४. **स्वेच्छिक हुने:** (१) पशुपालन असल अभ्यास निर्देशिकाको पालना स्वेच्छिक हुनेछ ।

(२) पशुपालन असल अभ्यास पालना गर्न चाहने फार्म प्रचलित नियम बमोजिम दर्ता भएको हुनु पर्नेछ ।

५. **अनुमति पत्र प्रदान गर्ने:** (१) दफा ३ को उपदफा (२) बमोजिम स्थलगत मूल्याङ्कनमा उपयुक्त ठहरिएका फार्मलाई सम्बन्धित कार्यालयले *अनुसूची ३* बमोजिमको ढाँचामा अनुमति पत्र प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति पत्र प्रदान गरिएका फार्महरूको विवरण सम्बन्धित कार्यालयले *अनुसूची ४* बमोजिमको ढाँचामा अद्यावधिक गर्नेछ ।

६. **प्रमाणीकरणका लागि आवेदन:** (१) दफा ५ को उपदफा (१) बमोजिम अनुमति पत्र प्राप्त गरेका फार्मले न्यूनतम छ महिना अविच्छिन्न रूपले *अनुसूची २* बमोजिमको चेकलिष्टको परिपालना गरेमा मात्र प्रमाणीकरणका लागि योग्य ठहरिनेछ।

(२) उपदफा (१) बमोजिम योग्यता पुगेका फार्मले प्रमाणीकरणका लागि सम्बन्धित कार्यालयमा *अनुसूची ५* बमोजिमको ढाँचामा आवेदन दिन सक्नेछन्।

(३) उपदफा (२) बमोजिम प्राप्त आवेदनहरू सम्बन्धित कार्यालयले स्थलगत अनुगमन गरी राय सहितको प्रतिवेदन प्रमाणीकरण प्रयोजनका लागि विज्ञ केन्द्रमा सिफारिस गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्राप्त कागजात विज्ञ केन्द्रले आवश्यक अध्ययन गरी प्रमाणीकरणका लागि दफा ७ बमोजिमको समितिमा पेश गर्नु पर्नेछ।

७. **<u>प्रादेशिक प्रमाणीकरण समितिः</u>** (१) प्रमाणीकरण सम्बन्धी कार्यका लागि प्रादेशिक मन्त्रालयले एक प्रादेशिक प्रमाणीकरण समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रादेशिक प्रमाणीकरण समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विज्ञ केन्द्रले प्रमाणीकरणका लागि सिफारिससाथ पेश गरेको निवेदनउपर स्थलगत परीक्षणका लागि पशुपालन असल अभ्यास सम्बन्धी तालिम उत्तीर्ण भएका सम्बन्धित विषयको अधिकृतमध्येबाट १(एक) जना अधिकृतलाई प्राविधिक परीक्षक तोक्ने,

(ख) प्राविधिक परीक्षकले पेश गरेको प्राविधिक परीक्षण प्रतिवेदनका आधारमा आवेदक पशुपालन फार्म प्रमाणीकरणका लागि योग्य रहे नरहेको निर्णय गर्ने,

(ग) नेपालभित्र मात्र व्यवसाय गर्ने उद्देश्य रहेका आवेदकहरूमध्ये योग्य ठहरिएका पशुपालन फार्मलाई *अनुसूची ६* बमोजिमको "पशुपालन असल अभ्यास प्रमाणपत्र" प्रदान गर्ने,

(घ) नेपालबाट पशु तथा पशुजन्य पदार्थको निर्यात गर्ने उद्देश्यले असल अभ्यास पालना प्रमाणपत्र प्राप्त गर्न चाहने फार्मसँग सम्बन्धित कागजात सिफारिससहित सङ्घीय प्रमाणीकरण समितिमा प्रस्ताव पठाउने,

(ङ) पशुपालन असल अभ्यास र प्रमाणीकरण सम्बन्धी समन्वय तथा सहजीकरण गर्ने,

(च) पशुपालन असल अभ्यास कार्यान्वयनको सुपरिवेक्षण गर्ने गराउने,

(छ) प्राविधिक परीक्षकको सेवा सुविधा निर्धारण गर्ने,

(ज) प्रादेशिक मन्त्रालयले तोकेका अन्य कार्य गर्ने।

(४) समितिको सचिवालय प्रादेशिक मन्त्रालयले तोकेको निकायमा रहनेछ र यसै निकायले पशुपालन असल अभ्यास सम्बन्धी सम्पूर्ण कार्यहरूको समन्वय, सहजीकरण र व्यवस्थापन समेत गर्नेछ ।

८. **<u>सङ्घीय प्रमाणीकरण समितिः</u>** (१) नेपालबाट पशु तथा पशुजन्य पदार्थको निर्यात गर्ने फार्मको पशुपालन असल अभ्यास प्रमाणीकरण गर्न एक सङ्घीय प्रमाणीकरण समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका पदाधिकारीहरू रहनेछन्।

(क) महानिर्देशक, पशु सेवा विभाग — अध्यक्ष

(ख) उपमहानिर्देशक (दुई जना), पशु सेवा विभाग — सदस्य

(ग) प्रमुख, भेटेरिनरी गुणस्तर तथा औषधी नियमन प्रयोगशाला — सदस्य

(घ) प्रमुख, राष्ट्रिय पशु आहारा तथा लाइभस्टक गुण व्यवस्थापन प्रयोगशाला — सदस्य

(ङ) प्रमुख, राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय — सदस्य

(च) वरिष्ठ अधिकृत, कृषि तथा पशुपन्छी विकास मन्त्रालय — सदस्य

(छ) वैज्ञानिक प्रतिनिधि, राष्ट्रिय पशु विज्ञान अनुसन्धान प्रतिष्ठान, नेपाल कृषि अनुसन्धान परिषद् — सदस्य

(ज) वरिष्ठ पशु विकास अधिकृत, राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालय — सदस्य-सचिव

(३) समितिले आवश्यकता अनुसार प्रदेशको प्रमाणीकरण समितिका पदाधिकारी र सम्बन्धित विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको सचिवालय राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यालयमा रहनेछ र यसै कार्यालयले पशुपालन असल अभ्यास सम्बन्धी सम्पूर्ण कार्यहरूको समन्वय, सहजीकरण र व्यवस्थापन समेत गर्नेछ ।

(५) उपदफा (२) बमोजिमको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) दफा ७ को उपदफा (३) को खण्ड (घ) बमोजिम प्रमाणीकरणका लागि पेश भएका प्रस्तावको अध्ययन गरी आवश्यकता अनुसार स्थलगत अनुगमन गर्ने गराउने,

(ख) खण्ड (क) बमोजिमका प्रस्ताव प्रमाणीकरणका लागि योग्य रहे नरहेको निर्णय गर्ने,

(ग) योग्य ठहरिएका पशुपालन फार्मलाई *अनुसूची ७* बमोजिमको "पशुपालन असल अभ्यास प्रमाणपत्र" प्रदान गर्ने,

(घ) पशुपालन असल अभ्यास र प्रमाणीकरण सम्बन्धी कार्यमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(ङ) अभिलेखहरू अद्यावधिक गर्ने, गराउने,

(च) आवश्यकता अनुसार पशुपालन असल अभ्यास मापदण्ड र परीक्षण सूची तयार गरी स्वीकृतीका लागि मन्त्रालयमा पेश गर्ने।

(६) समितिले आवश्यकता अनुसार उपसमितिहरू गठन गर्न सक्नेछ।

९. **<u>प्रमाणीकरण चिन्हः</u>** दफा ७ को उपदफा (३) को खण्ड (ग) र दफा ८ को उपदफा (५) को खण्ड (ग) बमोजिम प्रमाणीकरण भएका पशुपालन फार्मले आफ्ना उत्पादनहरूमा *अनुसूची ८* बमोजिमको प्रमाणीकरण चिन्ह प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद ३
## प्राविधिक परीक्षकको दर्ता तथा अभिलेखीकरण

१०. **प्राविधिक परीक्षकको तालिमः** कृषि सूचना तथा प्रशिक्षण केन्द्रबाट नतिजा खाकासहित पशुपालन असल अभ्यास सम्बन्धी तालिमको पाठ्यक्रम स्वीकृत गरी उक्त पाठ्यक्रम र म्यानुअल अनुसार पशु सम्बन्धी तालिम सञ्चालन गर्ने निकायले प्राविधिक परीक्षकको तालिमको सञ्चालन गर्नेछ।

११. **प्राविधिक परीक्षकको दर्ताः** दफा १० बमोजिमको तालिममा सफल भएका प्राविधिक परीक्षकको दर्ता तथा अभिलेखीकरण प्रादेशिक मन्त्रालयमा हुनेछ।

१२. **प्राविधिक परीक्षणः** (१) दफा ११ बमोजिम दर्ता भएका प्राविधिक परीक्षकले मात्र फार्मको प्राविधिक परीक्षण गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्राविधिक परीक्षणको अवधि प्रादेशिक मन्त्रालयले तोके बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिमको प्राविधिक परीक्षकले पशुपालन असल अभ्यास सम्बन्धी मापदण्डसँग सम्बन्धित अनुसूची बमोजिमको परीक्षण गरी अनिवार्य हुनुपर्ने मूल्याङ्कनका सूचकहरूसहित कूल प्राप्ताङ्कको साठी प्रतिशत वा सो भन्दा बढी अङ्क प्राप्त गर्ने फार्मलाई प्रमाणीकरणको लागि प्रादेशिक प्रमाणीकरण समितिमा सिफारिस गर्नुपर्नेछ।

परिच्छेद ४

## विविध

१३. **<u>असल अभ्यास पालनमा सम्बन्धी न्यूनतम मापदण्डः</u>** (१) गाईभैंसी पालनमा असल अभ्यास सम्बन्धी मापदण्ड *अनुसूची ९* बमोजिम हुनेछ।

(२) बङ्गुर पालनमा असल अभ्यास सम्बन्धी मापदण्ड *अनुसूची १०* बमोजिम हुनेछ।

१४. **<u>निरीक्षण तथा अनुगमनः</u>** (१) यस निर्देशिका बमोजिम प्रादेशिक प्रमाणीकरण समिति तथा सङ्घीय प्रमाणीकरण समितिले पशुपालन असल अभ्यास प्रमाणीकरण गरिएका फार्मले निरन्तर रूपमा पशु पालन असल अभ्यास सम्बन्धी न्यूनतम मापदण्ड पालना गरे नगरेको सम्बन्धमा फार्मको निरीक्षण तथा अनुगमन गर्न सक्नेछन्।

(२) प्राविधिक परीक्षक एवम् निरीक्षण तथा अनुगमन कार्यमा खटिएका प्राविधिकहरूलाई सहयोग गर्नु र आवश्यक कागजातहरू उपलब्ध गराउनु सम्बन्धित फार्मको दायित्व हुनेछ।

(३) प्राविधिक परीक्षक एवम् निरीक्षण तथा अनुगमनकर्ताले दिएका सुझावहरूको कार्यान्वयन गर्नु सम्बन्धित फार्मको दायित्व हुनेछ।

१५. **<u>प्रमाणपत्र नवीकरणः</u>** यस निर्देशिका बमोजिम प्रदान गरिएको पशुपालन असल अभ्यास प्रमाणीकरण प्रमाणपत्र प्राप्त गरेका पशुपालन फार्मले प्रत्येक २ वर्षमा प्रमाणपत्र नवीकरण गर्नु पर्नेछ।

१६. **<u>प्रतिवेदन बुझाउनुपर्नेः</u>** पशुपालन असल अभ्यास प्रमाणीकरण भएका पशुपालन फार्महरूले *अनुसूची ११* बमोजिमको ढाँचामा आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र प्रतिवेदन तयार गरी प्रमाणीकरण गर्ने समितिमा पेश गर्नुपर्नेछ ।

१७. **<u>अनुसूचीमा हेरफेर गर्न सक्नेः</u>** यस निर्देशिकाको अनुसूचीमा मन्त्रालयले आवश्यकता अनुसार थपघट तथा हेरफेर गर्न सक्नेछ।

१८. **<u>निलम्बन वा खारेजी गर्न सक्नेः</u>** (१) यस निर्देशिका बमोजिम प्रमाणीकरण भएका पशुपालन फार्ममा प्रादेशिक प्रमाणीकरण समिति तथा सङ्घीय प्रमाणीकरण समितिले कुनै पनि बखत फार्मको निरीक्षण तथा अनुगमन गर्दा निरन्तर रूपमा पशुपालन असल अभ्यास सम्बन्धी न्यूनतम मापदण्ड पालना नगरेको पाइएमा सुधारका लागि नब्बे दिनको अवधि दिइने छ र यस अवधि भित्र पनि सुधार गरेको नपाइएमा त्यस्तो फार्मको "पशुपालन असल अभ्यास प्रमाणपत्र" निलम्बन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रमाणपत्र निलम्बन भएका फार्मले सो प्रमाणपत्र फुकुवा गराउन चाहेमा पुनः प्रमाणीकरणको प्रक्रिया पालना गर्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिम प्रमाणपत्र निलम्बन भएका फार्मले निलम्बन भएको एक वर्षसम्म पनि प्रमाणपत्र फुकुवा नगराएमा सो निलम्बित प्रमाणपत्र खारेज हुनेछ ।

अनुसूची-१

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**पशुपालन असल अभ्यासको आवेदन**

मितिः

श्रीमान् कार्यालय प्रमुखज्यू,

....................................

विषयः पशुपालन असल अभ्यास सम्बन्धमा ।

प्रस्तुत विषयमा मेरो आफ्नै स्वामित्वमा रहेको देहाय बमोजिमको फार्ममा स्वच्छ, स्वस्थ एवम् गुणस्तरीय पशुजन्य उत्पादन गर्ने उद्देश्यले नेपाल सरकारले तोके बमोजिमको पशुपालन असल अभ्यास मापदण्ड पालना गर्न इच्छुक भई यो निवेदन पेश गर्दछु ।

निवेदक

.....................

नामः

| फार्मको विवरण | |
|---|---|
| फार्म/ संस्था/ कम्पनीको नाम | |
| ठेगाना | |
| प्रोप्राइटरको नाम | |
| सम्पर्क नम्बर | |
| ईमेल ठेगाना | |
| PAN/VAT | |

**निवेदन साथ संलग्न गर्नुपर्ने कागजात**

(क) फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि

(ख) सम्बन्धित वडा कार्यालयको सिफारिस

(ग) फार्म रहेको जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी

(घ) PAN/VAT प्रमाणपत्रको प्रतिलिपि

(ङ) लिजमा लिएको जग्गा भए लिज समझौतको प्रतिलिपी

(च) सम्बन्धित कार्यालयको नियमानुसार दस्तुर बुझाएको रसिद

(छ) फार्म र पालिएका पशु स्पष्ट देखिने तस्विर

(ज) स्थानीय तहले तोकेका अन्य आवश्यक कागजातहरू

अनुसूची-२

(दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**<u>स्थलगत अनुगमन चेकलिष्ट</u>**

पशुपालन असल अभ्यास पालना गर्न चाहेका फार्मको स्थलगत अनुगमनका लागि सम्बन्धित अनुगमनकर्ताले प्रयोग गर्ने चेकलिष्ट देहाय बमोजिम हुनेछः

श्री ............................................

.....................................................

अनुगमन गरेको फार्मको नाम र ठेगानाः

अनुगमन गरेको मितिः

| विवरण | छ | छैन |
|---|---|---|
| आधिकारिक सरकारी निकायमा दर्ता/नविकरण भएको | | |
| उज्यालो र हावा बहने गोठ | | |
| मानिस बस्ने भवन र पशु पालन गर्ने भवन/गोठ जोडिएको | | |
| फार्ममा पिउने पानीको नियमित आपूर्ति | | |
| घाँस खेतीका लागि आफ्नै जग्गा पर्याप्त भएको | | |
| लिजमा लिएको जग्गा | | |
| आहारा र दानाको नियमित आपूर्तिको प्रबन्ध | | |
| प्राविधिक सेवाको सुविधा र पहुँच | | |
| सङ्क्रामक रोगहरू विरुद्ध नियमित खोप लगाउने गरेको | | |
| स्टेनलेस स्टीलका सफा भाँडाकुँडा मात्र प्रयोग गर्ने गरेको | | |
| अद्यावधिक फार्म अभिलेख रहेको | | |

फार्ममा रहेका पशुहरूको विवरण

| पशुको किसिम | जात | सङ्ख्या |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |

| | | |
|---|---|---|
| | | |

अनुगमनकर्ताको रायः

अनुगमनकर्ता

....................

नामः

पदः

हस्ताक्षरः

अनुसूची-३

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

**<u>अनुमति पत्र</u>**

नेपाल सरकार

.................. गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. को कार्यालय

.....................

अनुमति पत्र नं.......... मितिः ........

पशुपालन असल अभ्यास अवलम्बन

**<u>अनुमति पत्र</u>**

श्री.......................................................... ले ........... जिल्ला ................................... गा.पा./न.पा./उ.म.न.पा./ म.न.पा. ...........नम्बर वडामा सञ्चालित .......................................... फार्ममा पशुपालन असल अभ्यास गर्न मिति .....................मा दिएको निवेदन उपर कारवाही हुँदा "पशुपालन असल अभ्यास कार्यान्वयन निर्देशिका, २०८०" को अनुसूची २ बमोजिमका चेकलिष्टहरूको पूर्ण पालना गरी फार्म सञ्चालन गर्न "पशुपालन असल अभ्यास अनुमति पत्र" प्रदान गरिएको छ ।

अनुमतिपत्र दिनेको नामः

पदः

हस्ताक्षरः

मितिः

अनुसूची-४

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

**<u>अनुमति पत्रको अभिलेख</u>**

| क्र. सं. | अनुमति नम्बर | पशुपालन असल अभ्यास पालना गरेका फार्मको नाम | ठेगाना | प्रोप्राइटरको नाम | सम्पर्क नम्बर | फार्मको किसिम |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

***नोटः*** *सम्बन्धित कार्यालयले अभिलेखमा थप जानकारी संलग्न गर्न सक्नेछ ।*

अनुसूची-५

(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)

**<u>प्रमाणीकरणका लागि आवेदन</u>**

मितिः

श्रीमान् कार्यालय प्रमुखज्यू,

...................................

विषयः पशुपालन असल अभ्यास प्रमाणीकरण सम्बन्धमा।

प्रस्तुत विषयमा .................................... कार्यालयको मिति .................... मा जारी अनुमतिपत्र नम्बर ............. अनुसार देहायको फार्ममा "पशुपालन असल अभ्यास पालना कार्यान्वयन निर्देशिका, २०८०" बमोजिमका मापदण्डहरूको पूर्ण पालना गरी पशु पालन गरिरहेकाले नियमानुसार पशुपालन असल अभ्यास प्रमाणीकरण गरिदिनुहुन यो निवेदन पेश गर्दछु ।

<u>निवेदक</u>

....................

नामः

हस्ताक्षरः

| फार्मको विवरण | |
|---|---|
| फार्म/ संस्था/ कम्पनीको नाम | |
| ठेगाना | |
| प्रोप्राइटरको नाम | |
| सम्पर्क नम्बर | |
| ईमेल ठेगाना | |
| PAN/VAT | |
| इजाजत पत्र नम्बर र मिति | |

अनुसूची-६

(दफा ७ को उपदफा ३ को खण्ड (ग) सँग सम्बन्धित)

**पशुपालन असल अभ्यास प्रमाणपत्र**

प्रदेश सरकार

........................ मन्त्रालय

पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

प्रमाणपत्र नं. .......... मितिः ........

## पशुपालन असल अभ्यास प्रमाणपत्र

## Certificate of Good Husbandry Practices

........... जिल्ला .................................... गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. ...........नम्बर वडामा सञ्चालित श्री ......................................... फार्मले फार्मबाट उत्पादित वस्तु तथा पदार्थहरूको नेपालभित्र प्रवर्द्धन गर्नका लागि मात्र प्रमाणपत्रको उपयोग हुने सर्तमा पशुपालन असल अभ्यास पालना गरेको प्रमाणित गरिन्छ।

प्रमाणिकरण चिन्ह

प्रमाणित गर्नेको नामः

पदः

हस्ताक्षरः

मितिः

अनुसूची-७

(दफा ८ को उपदफा ५ को खण्ड (ग) सँग सम्बन्धित)

**<u>पशुपालन असल अभ्यास पालना प्रमाणपत्र</u>**

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशु सेवा विभाग

प्रमाणपत्र नं. .......... मितिः ....../...../....

Certificate No ............ Date: .... /....../......

**<u>पशुपालन असल अभ्यास प्रमाणपत्र</u>**

**Certificate of Good Husbandry Practices**

........... जिल्ला .................................... गा.पा./न.पा./उ.म.न.पा./ म.न.पा. ...........नम्बर वडामा सञ्चालित श्री ......................................... फार्मले नेपाल सरकारले तोकेका मापदण्ड अनुरुप पशुपालन असल अभ्यास पालना गरेको प्रमाणित गरिन्छ ।

प्रमाणित गर्नेको नामः

पदः

हस्ताक्षर

मितिः

This is Certified that ...........................................................................Farm Located in ………………District ………………… …………… Municipality/ ………… Metropolitan City, Ward No. …... has adopted Good Animal Husbandry Practices as per the standards set by the Government of Nepal.

प्रमाणिकरण चिन्ह

Certified by:

Designation:

Signature:

Date:

अनुसूची-८

(दफा ९ सँग सम्बन्धित)

**<u>प्रमाणीकरण चिन्ह</u>**

**(क) दुधालु पशुपालन फार्मको लागि**

**(ख) बङ्गुरपालन फार्मको लागि**

अनुसूची-९

(दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

## <u>गाईभैंसी पालन असल अभ्यास मापदण्ड</u>

### १. फार्मस्थल तथा गोठ सम्बन्धी मापदण्ड

(क) पाँच भन्दा बढी वयस्क गाईभैंसी पालन गर्ने फार्मको गोठ आवासगृहसँग नजोडिने गरी निर्माण भएको,

(ख) पशुलाई उमेर, शरीरको तौल र आकार अनुसार आरामदायी बसाईको लागि भुईंको क्षेत्रफल पर्याप्त हुनुपर्ने,

(ग) भुईंको सतह पक्की, नचिप्लिने, सजिलै सफा र निसङ्क्रमण गर्न सकिने किसिमको हुनुपर्ने,

(घ) पर्याप्त ताजा हावा वहने, अधिक आद्रता, तापक्रम तथा ग्यासहरूको सञ्चयन नहुने गरी पर्याप्त भेन्टिलेसनको व्यवस्था भएको हुनुपर्ने,

(ङ) विशेष गरी गर्मी क्षेत्रका फार्ममा गोठ वा गोठ परिसरमा पशुलाई नुहाउन, आहाल बसाउन (भैंसीको हकमा) वा पानी छ्याप्न मिल्ने किसिमको व्यवस्था भएको हुनुपर्ने,

(च) पशुले आराम गर्ने क्षेत्र सफा, सुख्खा, समथर र पशुलाई बाँधेको अवस्थामा पनि सहजै बस्न, सुत्न र उठ्न बाधा नपर्ने किसिमको भएको हुनुपर्ने,

(छ) पशुलाई खस्रो सतहबाट हुन सक्ने चोटपटक न्यूनीकरणका लागि रबरको म्याट अथवा सोत्तरको व्यवस्था भएको हुनुपर्ने,

(ज) बाहिरबाट फार्ममा नयाँ पशु ल्याउँदा त्यस्ता पशुलाई क्वारेन्टाईनमा राख्ने अलग्गै व्यवस्था भएको हुनुपर्ने,

(झ) पशु बस्ने ठाँउ सजिलै निरीक्षण गर्न सकिने गरी पर्याप्त प्रकाशको व्यवस्था गरिएको हुनुपर्ने,

(ञ) दाना, भाँडाकुँडा तथा उपकरण भण्डारण गर्नको लागि छुट्टै ठाँउको व्यवस्था भएको हुनुपर्ने,

(ट) दानापानी खाने भाँडाकुँडालाई पशुको मलमुत्रले प्रदुषित नहुने गरी व्यवस्थापन गरिएको हुनुपर्ने,

(ठ) मलखादको व्यवस्थापन गर्न तथा फार्म वरिपरी पानी जम्मा भई झिँगाकिराको प्रजनन् वृद्धि हुन नदिन ढल निकासको उचित व्यवस्था गरिएको हुनुपर्ने।

### २. स्वच्छ दूध उत्पादन मापदण्डः

**२.१ दुधालु पशुको स्वास्थ्य व्यवस्थापन सम्बन्धमा देहाय बमोजिम गर्नुपर्नेछ,-**

(क) दुधालु पशु स्वस्थ भएको हुनुपर्ने,

(ख) दुधालु पशु स्वच्छ र सफा राखिएको हुनुपर्ने,

(ग) रोगी पशु वा एण्टिवायोटिक तथा अन्य औषधी खुवाईरहेका पशुको दूध, रोग निको नहुन्जेल औषधीको असर अवधीभित्र दुहेर फ्याँक्ने गरिएको, त्यस्तो दूध विक्रीवितरण गर्ने नगरिएको हुनुपर्ने।

**२.२ दूध दुहुने प्रक्रियामा देहाय अनुसार स्वच्छता पालना गरिएको हुनु पर्नेछ,-**

(क) दूध दुहुनु अघि पशुको कल्चौंडो र थुन लगायतका भागहरू सफा पानीले राम्रोसँग धोएर ओभानो पार्ने गरेको हुनुपर्ने,

(ख) धोइसके पछि कल्चौंडो पुछन/ओभाउन सफा कपडा वा प्रयोग गरेर पुनः प्रयोग नगर्ने किसिमको न्याप्किन प्रयोग गर्ने गरिएको हुनुपर्ने,

(ग) दूध दुहिसकेपछि थुनलाई पोभिडिन आयोडिनयुक्त घोलमा डुबाउने अथवा थुनमा स्प्रे छ्याप्ने गरिएको हुनुपर्ने,

(घ) प्रत्येक जनावरको दूध इन्द्रियानुभव, भौतिक र रसायनिक विधिमार्फत् परीक्षण गरी दूधमा रगत वा पिपका कणहरू देखिएमा वा थुनेलो लागेको आशंका भएमा त्यस्तो दूधलाई सुरक्षित तवरले तह लागउने गरिएको हुनुपर्ने।

**२.३ दूध दुहुने क्रममा देहायको प्रक्रिया पालना गर्नु पर्नेछ,-**

(क) दूध दुहने ठाँउ सफा भएको, दूध दुहुने बेलामा सोत्तर चलाउने, पङ्खा चलाउने, दाना दिने वा धुलो उड्न सक्ने किसिमका अन्य कार्यहरू नभएको हुनुपर्ने,

(ख) हातले वा मेसिनले दूध दुहुँदा पशुलाई नदुख्ने र असजिलो नहुने गरी दुहुने गरिएको हुनुपर्ने, पशुलाई नदुख्ने गरी वा थुनमा चोटपटक पुग्ने गरी बढी दुहुने वा कम दुहुने नगरिएको, ठिक्क दुहुने गरिएको हुनुपर्ने,

(ग) दूध पगार्नको लागि बाच्छाबाच्छीको प्रयोग गर्ने भए बाच्छाबाच्छीले दूध चुसिसकेपछी थुन र कल्चौंडोलाई राम्रोसँग सफा गर्ने गरिएको हुनुपर्ने,

(घ) दूध दुहुँदा थुन नरम बनाउन चिल्लो पदार्थ प्रयोग गरिने भए सफा र सुरक्षित भएको हुनुपर्ने,

(ङ) दूध दुहुँदा पहिलो वेतका पशु, त्यसपछि निरोगी पशु र अन्त्यमा सङ्क्रमित वा रोगी पशु दुहुने गरिएको हुनुपर्ने,

(च) दूधलाई सफा कपडा वा दूध छान्ने जालीले छानेर मात्र मिल्कक्यान वा टेंकमा राख्ने गरिएको हुनुपर्ने,

(छ) दूध दुहेर अन्य भाँडामा खन्याएपछि तत्कालै छोपेर राख्ने गरिएको हुनुपर्ने।

**२.४ दूध दुहुने व्यक्तिको व्यक्तिगत सरसफाई कायम राख्न देहायका प्रक्रिया अपनाउनु पर्नेछ, -**

(क) दूध दुहने व्यक्तिको कम्तिमा वर्षमा एकपटक स्वास्थ्य परिक्षण गरी क्षयरोग लगायतका कुनै पनि सरुवा रोगबाट ग्रसित नभएको र निजको स्वास्थ्य जाँचको कागजात फार्ममा राखेको हुनुपर्ने,

(ख) दूध दुहने व्यक्तिको हातमा काटेको अथवा कुनै किसिमको खुला घाउ चोट नभएको हुनुपर्ने,

(ग) दूध दुहने व्यक्तिले दूध दुहुन अघि राम्रोसँग साबुन पानीले हात धुनुपर्ने,

(घ) दूध दुहुने र दूध ह्यान्डलिङ्ग गर्ने व्यक्तिले सफा कपडा लगाउनुपर्ने,

(ङ) दूध दुहने व्यक्तिले हातको नङ काटेको हुनुपर्ने र कपाल राम्रोसँग मिलाइएको वा छोपिएको हुनुपर्ने,

(च) दूध दुहने स्थान वा सो क्षेत्र वरिपरि र दुहुने बेला धुम्रपान गर्न, सुर्ती/खैनी, गुट्खा आदि सेवन गर्न नहुने।

**२.५ दूध दुहुने स्थान देहाय बमोजिमको हुनुपर्नेछ,-**

(क) दूध दुहने स्थानको भुईं सफा गर्न सजिलो र पानी सजिलै बगेर जाने किसिमको हुनुपर्ने,

(ख) दूध दुहने स्थानमा पर्याप्त उज्यालो र हावा खेल्ने भेन्टिलेसनको व्यवस्था भएको हुनुपर्ने,

(ग) दूध दुहने पशु, दूध दुहने भाँडा र दूध दुहने स्थान सफा गर्न पर्याप्त सफा पानीको प्रबन्ध गरिएको हुनुपर्ने,

(घ) दूध दुहने छुट्टै स्थान नभएको अवस्थामा गोठको गोबर र सोत्तरहरू हटाई राम्रोसँग सफा गरिएको हुनुपर्ने,

(ङ) दूध दुहने स्थानमा झिंगा, भुसुना लगायतका किट नियन्त्रणका उपाय अवलम्बन गरिएको हुनुपर्ने ।

**२.६ दूध दुहुने वा राख्ने भाँडाकुँडा तथा उपकरणहरूको सरसफाई देहाय बमोजिम गरिएको हुनुपर्नेछ,-**

(क) खीया नलाग्ने स्टेनलेस स्टिलबाट बनेको दूध दुहने बाल्टिन र मिल्क क्यान मात्र प्रयोग गर्नुपर्नेछ, त्यस्ता भाँडाहरूका भित्री वा बाहिरी सतह चिल्लो, कुनाकानीरहित र सजिलै सफा गर्न सक्ने किसिमको हुनुपर्ने,

(ख) दूध दुहुन तथा ह्यान्डलिङ्ग गर्न प्रयोग गरिने उपकरणलाई भित्र र बाहिर सुरक्षित डिटरजेन्टले राम्रोसँग सफा गर्नुपर्ने,

(ग) उपयुक्त किसिमका ब्रस, डिटरजेन्ट र सफा पानीले राम्रोसँग सफा गरिसकेपछि त्यस्ता भाँडाकुँडा सफा र भरसक घाम लाग्ने ठाँउमा घोप्ट्याएर सुकाउनु पर्ने,

(घ) फार्ममा भाँडाकुँडा र उपकरणहरू सफा गर्न पर्याप्त सफा पानी उपलब्ध हुनुपर्ने,

(ङ) दूध दुहने मेसिन उत्पादक वा आपूर्तिकर्ताको निर्देशिका बजोजिम सफा गर्नुपर्ने ।

**२.७ दूधको भण्डारण तथा ढुवानी देहाय बमोजिम भएको हुनुपर्ने छ, -**

(क) बिहान, दिउँसो, बेलुका वा राती जुनसुकै समयमा दुहे पनि गर्मी हुने स्थान/याममा कच्चा दूध दुहेको १ घण्टाभित्र र अन्य स्थान/याममा दूध दुहेको २ घण्टा भित्रमा दूधलाई चिस्यान केन्द्र वा प्रशोधन केन्द्रमा पुऱ्याइसक्नुपर्ने ,

(ख) दैनिक ५०० लिटरभन्दा बढी दूध उत्पादन गर्ने फार्ममा फार्म परिसरभित्रै वा नजिकै दूध चिस्यान केन्द्र स्थापना गरिएको हुनुपर्ने ,

(ग) कच्चा दूध राखिएका भाँडाकुँडाहरू दूध ढुवानी गरे पश्चात तत्कालै डिटरजेन्ट र सफा पानीले राम्रोसँग सफा गरी सफा र सूर्यको प्रकाश पर्ने ठाँउमा घोप्ट्याएर सुकाउनु पर्ने,

(घ) बिगौती दूधलाई बिक्री गर्ने दूधमा मिसाउन नहुने।

**३. आहारा तथा दाना व्यवस्थापन मापदण्डः**

**३.१ फार्ममा आहाराको व्यवस्थापन देहायको मापदण्ड बमोजिम भएको हुनु पर्नेछ,-**

(क) फार्ममा पशुहरूका लागि उनीहरूको अवस्था र उमेरका आधारमा सबै समयमा उचित किसिमको पोषण उपलब्ध हुने कुरा सुनिश्चित भएको हुनुपर्ने,

(ख) पशुहरूलाई उपयुक्त परिमाणमा गुणस्तरयुक्त घाँस तथा दाना उपलब्ध गराइएको हुनुपर्ने,

(ग) पशुको लागि आहारा तयार गर्दा पशुको उमेर, दूध उत्पादन क्षमता वा अवस्था अनुरुप सन्तुलित आहारा तयार गरेको हुनुपर्ने। बाच्छाबाच्छी, गर्भिणी पशु, दूध दिने र थारा पशुहरूको लागि छुट्टा छुट्टै किसिमको सन्तुलित आहारा तयार गरेको हुनुपर्ने,

(घ) बाँधेर पशुपालन गरिने फारममा पानीको डुँड राखेको हुनुपर्ने,

(ङ) फार्ममा पशुका लागि चाहिने खनिज पदार्थ, दाना योगशील पदार्थ, पुरक पोषण पदार्थ तथा अन्य आहाराको रुपमा दिइने औषधी समेत उपयुक्त परिमाणमा राखिएको हुनुपर्ने ।

**३.२ फार्ममा आहारा र पानीको दिगो आपूर्तीको लागि देहायको मापदण्ड बमोजिम भएको हुनु पर्नेछ,-**

(क) फार्ममा पशु आहारा व्यवस्थाको योजना हुनुपर्ने,

(ख) बर्षैभरी हरियो घाँस उत्पादन गर्नको लागि पर्याप्त जग्गाको (आफ्नै वा भाडामा लिइएको) उपलब्धता रहेको, आवश्यक आहाराको नियमित आपूर्तिका लागि आपूर्तिकर्ताको सुनिश्चितता हुनुपर्ने,

(ग) हरियो घाँसलाई हे वा साईलेजको रुपमा भण्डारण गर्ने व्यवस्था हुनुपर्ने ,

(घ) पशुलाई पिउनको लागि पर्याप्त सफा पानी आपूर्तिको व्यवस्था हुनुपर्ने।

**३.३ पशुलाई उपलब्ध गराइने दानाको गुणस्तर देहाय बमोजिम हुनु पर्नेछ, -**

(क) दानामा पशुपन्छीको वृद्धि तथा उत्पादनको आवश्यकतालाई परिपूर्ति गर्न प्रोटिन, शक्ति, खनिज, लवण र भिटामिनको मात्रा राष्ट्रिय मापदण्ड अनुरूप सन्तुलित हुनुपर्ने,

(ख) दाना तथा आहारालाई उचित तवरले नबिग्रने र सङ्क्रमित नहुने गरी भण्डारण गरिएको हुनुपर्ने,

(ग) दाना बनाउन प्रयोग गरिने भाँडाकुँडा तथा उपकरणहरू प्रयोग पश्चात नियमित रुपमा सफा गर्नुपर्ने ।

(घ) पानी खुवाउन प्रयोग गरिने डुँड नियमित रुपमा सफा गरिएको हुनुपर्ने ।

**३.४ फार्ममा देहाय बमोजीमका अभिलेख अद्यावधिक गरी राखिएको हुनु पर्नेछ, -**

(क) हरेक पशुको उपचार, दूध उत्पादन, बेत/व्याएको विवरण तथा प्रजनन् सम्बन्धी सम्पूर्ण विवरणहरूको अभिलेख राख्ने गरेको हुनुपर्ने,

(ख) आपूर्तिकर्ताहरूको विवरण समेत खुल्ने गरी दाना खरिदको अभिलेख दुरुस्त राखेको हुनुपर्ने,

(ग) पशुलाई खुवाइने गरेको आहाराको प्रकार र गुणस्तर समेतको अभिलेख राखेको हुनुपर्ने,

(घ) खोप लगाउन योग्य सबै पशुहरूको खोपको अभिलेख सम्बन्धित निकायले तोके बमोजिम राखिएको हुनुपर्ने।

**३.५ फार्मले पशु प्रजनन् व्यवस्थापन देहाय बमोजिम गर्नु पर्नेछ,-**

(क) पशुको जात, पर्यावरणीय अवस्था तथा आहारको उपलब्धताका आधारमा राष्ट्रिय पशु प्रजनन् नीति, २०७८ ले निर्दिष्ट गरे बमोजिम प्रजनन् विधि अपनाउनु पर्ने,

(ख) पशुको जात र स्वस्थताको आधारमा वयस्क शारीरिक तौलको कम्तिमा ६० प्रतिशत तौल भई प्रजननको लागि परिपक्व भए पश्चात् मात्र प्रजनन् गराउनु पर्ने,

(ग) हाडनाता प्रजनन् नहुने गरी फार्मले प्राकृतिक गर्भाधान वा कृत्रिम गर्भाधानको विधि प्रयोग गर्नु पर्ने,

(घ) कृत्रिम गर्भाधान कार्य तालिम प्राप्त आधिकारिक व्यक्तिबाट गराउनु पर्ने।

**४. पशु स्वास्थ्य सम्बन्धी मापदण्डः**

**४.१ प्रभावकारी पशु स्वास्थ्य व्यवस्थापन देहाय बमोजिम लागु भएको हुनु पर्नेछ, -**

(क) नियमित रूपमा पशुको आधारभूत स्वास्थ्य परीक्षण गरी समयमै रोगका लक्षणहरूको पहिचान गर्ने व्यवस्था हुनुपर्ने,

(ख) बिरामी पशुहरूलाई तुरुन्तै उपचार गर्ने, तिनीहरूलाई कम्तिमा १४ दिन वा पुरै निको नहुन्जेलसम्म अरु पशुहरूबाट अलग्लै राख्ने र सोको अभिलेख समेत राख्ने गरिएको हुनुपर्ने।

**४.२ रोग सर्न नदिन गर्न देहाय बमोजिमको व्यवस्था भएको हुनु पर्नेछ, -**

(क) फार्ममा उपलब्ध सम्पूर्ण पशुहरूलाई खोप दिने तालिका नियमित र अध्यावधिक भएको,

(ख) Foot and Mouth Disease (FMD), Haemorrhagic Septicaemia (HS), र Black Quarter (BQ) जस्ता रोगहरूको विरुद्दमा फार्ममा रहेका आवश्यक पर्ने सम्पूर्ण पशुहरूलाई खोप दिएको हुनुपर्ने,

| क्र.सं. | रोग | पहिलो खोप दिँदाको उमेर | पहिलो खोप पछिका खोप |
|---|---|---|---|
| १ | Foot and Mouth Disease (FMD) | • चार महिना वा सो भन्दा बढी उमेरको पशु | पहिलो खोप दिएको ४ महिना पछि बुष्टर डोज र हरेक ६ महिनामा |
| २ | Haemorrhagic Septicaemia (HS) | • छ महिना वा सो भन्दा बढी उमेरको पशु | बार्षिक रुपमा |
| ३ | Black Quarter (BQ) | • छ महिना वा सो भन्दा बढी उमेरको पशु | बार्षिक रुपमा |

(ग) विभागले अनिवार्य भनी सिफारिस गरेका अन्य खोप लगाईएको हुनुपर्ने,

(घ) नियमित रूपमा गोबर परीक्षण गरी पशु चिकित्सकको सल्लाह अनुसार आन्तरिक परजीवीहरूको विरुद्ध उपचार गर्ने गरिएको हुनुपर्ने,

(ङ) पशु चिकित्सकको सल्लाह अनुसार बाह्य परजीवीहरूको नियन्त्रण गर्ने गरिएको हुनुपर्ने,

(च) पशुहरूलाई क्षयरोग र ब्रुसेलोसिस रोगको नियमित परीक्षण गर्ने गरिएको हुनुपर्ने।

**४.३ पशु औषधी र रसायनिक पदार्थहरूको देहाय बमोजिम उपयोग भएको हुनु पर्नेछ, -**

(क) खोप दिने काम र पशुको औषधी उपचार अनुमति प्राप्त भेटेरिनरी सेवा प्रदायकको सुपरिवेक्षणमा उपयुक्त किसिमले गर्ने गरिएको हुनुपर्ने ,

(ख) भेटेरिनरी औषधीहरू पशुका रोगहरूको रोकथाम तथा उपचारको लागि मात्र प्रयोग गर्ने गरिएको हुनुपर्ने,

(ग) भेटेरिनरी औषधीहरू प्रयोग गरि पशुको उपचार गर्दा तोकिएको मात्रामा मात्र प्रयोग गर्ने गरिएको हुनुपर्ने,

(घ) भेटेरिनरी औषधीहरूबाट वातावरणमा सङ्क्रमण रोक्नका लागि उपयुक्त र सुरक्षित तरिकाले भण्डारण गर्ने गरिएको हुनुपर्ने।

**४.४ पशुको स्रोत, पहिचान र आवश्यक पर्दा विगतका विवरण पत्ता लाग्ने गरी देहायको व्यवस्था भएको हुनु पर्नेछ, -**

(क) सम्पूर्ण पशुहरूलाई उपयुक्त किसिमको पहिचान दिएको र त्यस्तो पहिचानको अभिलेख दुरुस्त राख्ने गरिएको हुनुपर्ने,

(ख) पशुको जन्म देखि मृत्यू सम्मको विवरण पत्ता लाग्ने गरी अभिलेख भएको हुनुपर्ने,

(ग) फार्ममा स्वस्थ पशुमात्र भित्र्याइने गरेको, अन्यत्रबाट नयाँ पशु ल्याउँदाको खण्डमा स्वस्थ प्रमाणित पशु मात्र ल्याइने गरेको र त्यस्ता पशुलाई कम्तिमा १४ दिन सम्म क्वारेन्टाइनमा अलग्गै राख्ने गरिएको हुनुपर्ने।

**४.५ जैविक सुरक्षाका उपायहरू देहाय बमोजिम अवलम्बन गरेको हुनु पर्नेछ, -**

(क) फार्ममा उपयुक्त किसिमको घेराबार लगाइएकोहुनुपर्ने,

(ख) फार्ममा आगन्तुक व्यक्तिहरूको प्रवेशलाई सकेसम्म नियन्त्रण गर्ने गरिएको हुनुपर्ने,

(ग) फार्म परिसरको प्रवेशद्वारमा उपयुक्त किसिमको खुट्टा चोब्ने (Foot bath) प्रबन्ध गरिएको हुनुपर्ने,

(घ) फार्मभित्र हात धुनका लागि उपयुक्त किसिमको व्यवस्था भएको हुनुपर्ने।

**५. पशु, कामदार, तथा पर्यावरण कल्याण सम्बन्धी मापदण्डः**

**५.१ फार्ममा पालिएका पशुहरूलाई देहाय बमोजिम व्यवहार गर्नुपर्नेछ, -**

(क) पशुलाई तनाव, दुखाई र असजिलो नहुने गरी व्यवहार गरेको वा राखेको हुनुपर्ने,

(ख) आवश्यकता अनुसार तालिम प्राप्त व्यक्तिवाट पशुको खुर काट्ने गरेको हुनु पर्ने।

**५.२ पशु ढुवानी गर्दा देहाय बमोजिम गर्नु पर्नेछ, -**

(क) ढुवानी गर्दा पशु ढुवानी मापदण्ड, २०६४ को पालना गरेको हुनुपर्ने,

(ख) पशु ढुवानी गर्दा यात्रा अवधिभरी तनाव नहुने गरी तथा दुखाई र चोटपटक नलाग्ने गरी ढुवानी गर्नुपर्ने,

(ग) पशु ढुवानी गर्दा नियमानुसार आधिकारिक व्यक्तिबाट जारी गरिएको पशु ढुवानी स्वीकृती तथा स्वास्थ्य प्रमाणपत्र साथमा राख्नुपर्ने ।

**५.३ फार्ममा कामदारहरूको व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रबन्ध देहाय बमोजिम भएको हुनु पर्नेछ,-**

(क) कामदारहरूमा गाईभैंसी फार्ममा गरिने कार्यहरू, पशु कल्याण, उपकरण आदिको बारेमा आवश्यक पर्ने आधारभूत ज्ञान, सिप भएको हुनुपर्ने,

(ख) कामदारहरूले आवश्यकता अनुसारका सुरक्षा पोशाकहरू लगाएको र आवश्यक व्यक्तिगत उपकरण आदि प्रयोग गर्नुपर्ने,

(ग) मोटर, पङ्खा, जेनेरेटर, चाफ कटर आदि चलिरहने उपकरणहरूमा उपयुक्त किसिमका सुरक्षा कभरहरू जडान गरेको हुनुपर्ने,

(घ) कामदारहरूको नियमित स्वास्थ्य जाँच गर्ने गरिएको हुनुपर्ने।

**५.४ फार्म आसपासको पर्यावरणीय व्यवस्थापन देहाय बमोजिम गरिएको हुनु पर्नेछ, -**

(क) हरित गृह ग्याँसको उत्सर्जन कम गर्न फार्मबाट निस्कने ठोस र तरल फोहर तथा मल आदि उपयुक्त किसिमले विसर्जन, उपयोग वा सञ्चय गरिएको हुनुपर्ने,

(ख) फार्मबाट निस्कने दुर्गन्ध न्यूनीकरण गर्न उचित व्यवस्थापनका विधिहरू अवलम्बन गरिएको हुनुपर्ने,

(ग) मरेका गाईभैंसी पशुलाई जङ्गली जनावर र अन्य शवभक्षीहरूको पहुँच नपुग्ने गरी गहिरो खाडलमा व्यवस्थापन गर्ने गरिएको हुनुपर्ने,

(घ) पशुको शव रहेको वा पुरेको खाडल वरिपरी उपयुक्त डिस्ईन्फेक्टेन्ट प्रयोग गरी निसङ्क्रमण गर्ने गरिएको हुनुपर्ने।

## ६. गाइभैंसीपालन असल अभ्यास मूल्याङ्कन तथा निरीक्षण फारमः

| | | | |
|---|---|---|---|
| फार्मको नाम | | सञ्चालकको नाम | |
| फार्मको ठेगाना | | फोन/मोबाइल नं. | |
| फार्म दर्ता भएको निकाय | | PAN/VAT | |
| फार्मको किसिम (खुला, बँधुवा, मिश्रित) | | गाई/भैंसीको कुल सङ्ख्या | |
| पशुका जात (सबै जातहरू उल्लेख गर्ने) | | दुधालु गाई/भैंसीको सङ्ख्या | |
| फार्म निरीक्षकको नाम र संस्था | | बाच्छाबाच्छी/पाडापाडीको सङ्ख्या | |
| निरीक्षण गरेको मिति | | मासिक दूध उत्पादन (लि) | |

(क) मूल्याङ्कनका सूचकहरू-

| १ | **गोठ सम्बन्धी सूचकहरू** | अवस्था (अवस्था हो/होइन/लागु नहुने) | सम्भाव्य अङ्क | प्राप्ताङ्क | निरीक्षकको राय |
|---|---|---|---|---|---|
| १.१ | फार्ममा राम्रो भेन्टिलेसनको सुविधा भएको (क्रस भेन्टिलेसन भएको) | | २ | | अनिवार्य हुनुपर्ने |
| १.२ | भुइँ सजिलै सफा गर्न सकिने सतहले बनेको र नचिप्लिने किसिमको भएको | | २ | | अनिवार्य हुनुपर्ने |
| १.३ | आराम गर्ने क्षेत्र सफा सुख्खा, र नरम सतहले बनेको | | २ | | |
| १.४ | फार्ममा खुला क्षेत्र (प्याडक) भएको | | १ | | |
| १.५ | पशुको लागि सजिलै पहुँचयोग्य दाना र पानी भएको | | १ | | |
| १.६ | होल्डिङ क्षेत्रमा रबरको वा उपयुक्त ओछ्याउने सामग्री प्रयोग गरिएको | | १ | | |
| १.७ | कम्तिमा ८ घण्टा प्राकृतिक प्रकाश गोठमा परेको | | १ | | |
| १.८ | बाहिरी प्रकाश बिना पनि दिनको समयमा जनावरको शरीर र फाँचो स्पष्ट रूपमा देखिएको | | १ | | |
| १.९ | रातीको समयको लागि बत्तीको सुविधा भएको | | १ | | |
| १.१० | दानालाई छुट्टै सुख्खा, चिसो ठाउँमा भण्डार गरिएको, भण्डारण क्षेत्र मुसा, कीट, र पन्छीबाट जोगिएको र पशुको पिसाब र मलबाट दूषित हुने सम्भावना नभएको | | २ | | |
| १.११ | फार्म उपकरण र औजारहरू भण्डारण गर्न पर्याप्त ठाउँ उपलब्ध भएको | | १ | | |
| १.१२ | भण्डारण क्षेत्र सफा र राम्रोसँग व्यवस्थापन गरिएको | | १ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १.१३ | ढलको राम्रो व्यवस्थापन गरिएको (उचित ग्रेडियन्ट, छोपिएको) | | १ | | |
| १.१४ | फार्ममा फोहोर वा फोहोर पानी जम्मा नभएको | | १ | | |
| १.१५ | ५ % वा कम जनावरहरूको शरीरमा फोहोर टाँसिएको | | २ | | |
| | **जम्मा अङ्क** | | २० | | |
| २ | **सफा दूध उत्पादन सम्बन्धी सूचकहरू** | | | | |
| २.१ | सफा दुधालु जनावरहरूको शरीरमा माटो, फोहोर र मल नरहेको | | २ | | अनिवार्य हुनुपर्ने |
| २.२ | उपचार गराइरहेका र क्लिनिकल असामान्यताहरू/थुनको रोग देखिएका जनावरहरूको दूध प्रयोग नगरेको | | २ | | अनिवार्य हुनुपर्ने |
| २.३ | जनावरहरू सक्रिय, सतर्क र बाह्य औषधि प्रयोगको अभिलेख रहेको | | १ | | अनिवार्य हुनुपर्ने |
| २.४ | नियमित रूपमा क्यालिफोर्निया मास्टाइटिस परीक्षण अभ्यास रहेको | | १ | | अनिवार्य हुनुपर्ने |
| २.५ | दूध दुहुनु अघि थुन, फाँचो र छेउछाउका भागहरू सफा पानीले सफा गरिएको | | १ | | अनिवार्य हुनुपर्ने |
| २.६ | सबै दूध सङ्कलन गर्ने भाँडाहरू (बाल्टीन र क्यान) स्टेनलेस स्टीलले बनेको र सफा भएको | | १ | | अनिवार्य हुनुपर्ने |
| २.७ | भाँडाको भित्री र बाहिरी सतहहरू सफा गर्न सुरक्षित डिटर्जेन्ट/रोगनिवारक औषधी प्रयोग गरिएको | | १ | | अनिवार्य हुनुपर्ने |
| २.८ | दूध सङ्कलन केन्द्रमा दूध दुहेको १ घण्टाभित्र चिलिङ्गको लागि ढुवानी गरिएको | | १ | | अनिवार्य हुनुपर्ने |
| २.९ | फार्म भित्र वा नजिकै दूध चिस्यान केन्द्र (प्रत्येक दिन ५०० लीटरभन्दा बढी दूध उत्पादन गर्ने फार्ममा लागू हुन्छ) को स्थापना गरिएको (लागू भएमा) | | १ | | अनिवार्य हुनुपर्ने |
| २.१० | कृषक/कामदारको स्वास्थ्य रिपोर्ट | | १ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (क्षयरोग नेगेटिभ) को वार्षिक अभिलेख रहेको | | | | |
| २.११ | किसान/कामदारको हातमा खुल्ला घाउ वा काटिएको नभएको | | १ | | |
| २.१२ | फार्म र दूध दुहुने क्षेत्रभित्र धुम्रपान र सुर्ती चपाउन कडा रूपमा निषेध गरिएको | | १ | | |
| २.१३ | दूध दुहुने ठाउँमा कुनै पनि स्लरी वा गोबर जम्मा नभएको | | १ | | |
| २.१४ | भुइँमा धुलोजन्य ओछ्याउने सामग्री प्रयोग नगरेको | | १ | | |
| २.१५ | झिंगा र कीट नियन्त्रण संयन्त्र भएको | | १ | | |
| २.१६ | दूधलाई ठूलो मात्रामा मिसाउनु अघि प्रत्येक पशुको दूधको जाँच गरेको र शंकास्पद दूध नष्ट गरेको | | १ | | |
| २.१७ | दूधलाई ठूलो मात्रामा मिसाउनु अघि छान्ने गरेको | | १ | | |
| २.१८ | दूध दुहेपछि थुनमा डिप/स्प्रे प्रयोग गरेको | | १ | | |
| | **जम्मा अङ्क** | | २० | | |
| ३ | **पशु प्रजनन् र पशु पोषण सम्बन्धी सूचकहरू** | | | | |
| ३.१ | पशुको आहारमा प्रयोग भएका फिड एडिटिभ्स, फिड सप्लिमेन्टस, वा कुनै प्रकारका औषधीको अभिलेख राखिएको | | २ | | अनिवार्य हुनुपर्ने |
| ३.२ | पिउने तथा सरसफाई प्रयोजनका लागि सफा र स्वच्छ पानी पर्याप्त मात्रामा उपलब्ध भएको | | १ | | अनिवार्य हुनुपर्ने |
| ३.३ | वार्षिक रूपमा पानीको शुद्धता परीक्षण गरी सालमोनेल्ला र कोलिफार्म नभएको र आर्सेनिक अनुमतियोग्य सीमाभन्दा बढी नरहेको अभिलेख रहेको | | २ | | अनिवार्य हुनुपर्ने |
| ३.४ | नश्ल छनौट सरकारको नीति बमोजिम | | २ | | अनिवार्य |

| | | | | | |
|---|---|---|---|---|---|
| | रहेको | | | | हुनुपर्ने |
| ३.५ | फार्ममा आहारा व्यवस्थापनको लागि विभागले सिफारिस गरेको मापदण्ड पालन गरी योजना बनाइएको | | १ | | |
| ३.६ | आहाराको आवश्यकताअनुसार पशुलाई समूहमा राखिएको | | १ | | |
| ३.७ | फार्ममा कम्तिमा ३ महिनालाई पुग्ने आहारा सञ्चित रहेको | | १ | | |
| ३.८ | दुधालु पशुको उमेर समुह तथा शारीरिक अवस्था अनुसार आवश्यक मात्रामा दाना उपलब्ध भएको | | २ | | |
| ३.९ | दिगो रुपमा आहारा आपूर्तिका लागि प्रति वयस्क पशु १ रोपनी जग्गा छुट्याइएको वा आपूर्तिकर्ताहरू सँग लिखित रुपमा सम्झौता भएको | | १ | | |
| ३.१० | आहाराको प्रकृति अनुसार छुट्टाछुट्टै भण्डारणको व्यवस्था मिलाइएको | | १ | | |
| ३.११ | भण्डारण गरिएको आहारा माटो, मलमुत्रले दुषित नभएको | | २ | | |
| ३.१२ | पानी दिने भाँडा दिनहुँ सफा गरिएको | | १ | | |
| ३.१३ | दाना दिने भाँडा नियमित सफा गरिएको र बाँकी रहेको दाना नथुप्रिएको र गन्ध पनि नआएको | | १ | | |
| ३.१४ | गाईको हकमा ८० प्रतिशत पशुको दुई वेतको अन्तर १५ महिना भन्दा बढी नरहेको, पहिलो पटक ब्याउने उमेर ३० महिना भन्दा कम रहेको (भैंसीको हकमा दुई वेतको अन्तर १८ महिना भन्दा बढी नरहेको, पहिलो पटक ब्याउने उमेर ४५ महिना भन्दा कम रहेको) | | २ | | |
| | **जम्मा अङ्क** | | २० | | |
| ४ | **पशु स्वास्थ्य, रोग नियन्त्रण र फार्मको जैविक सुरक्षा सम्बन्धी सूचकहरू** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४.१ | खोपको लागि योग्य सबै पशुको कम्तिमा २ लगातार वर्ष खोप लगाइएको | | २ | | अनिवार्य हुनुपर्ने |
| ४.२ | ढुवानीका क्रममा दर्तावाल पशु चिकित्सकले जारी गरेको पशु स्वास्थ्य प्रमाणपत्र भएको, आयात गरिएका पशुको हकमा क्वारेन्टाइन प्रमाणपत्र उपलब्ध भएको | | १ | | अनिवार्य हुनुपर्ने |
| ४.३ | पशुको स्वास्थ्य अवस्था थाहा नभएको खण्डमा बथानमा मिसाउनुअघि कम्तिमा १४ दिनसम्म अलग्गै राख्ने व्यवस्था भएको | | २ | | अनिवार्य हुनुपर्ने |
| ४.४ | खोरेत रोग विरुद्धको खोप कार्ड उपलब्ध रहेको | | १ | | अनिवार्य हुनुपर्ने |
| ४.५ | फार्ममा वार्षिक रूपमा ब्रुसेलोसिस र क्षयरोगको जाँच (screening) रिपोर्ट रहेको | | १ | | अनिवार्य हुनुपर्ने |
| ४.६ | फार्म वरिपरि घेरिएको | | २ | | अनिवार्य हुनुपर्ने |
| ४.७ | बिरामी वा रोग पुष्टि भएका पशुको लागि छुट्टै राख्ने प्रावधान रहेको | | २ | | अनिवार्य हुनुपर्ने |
| ४.८ | वर्षमा कम्तिमा दुई पटक गोबर परीक्षण गरी त्यसै अनुसार उपचार गरिएको | | १ | | |
| ४.९ | बाह्य परजीवि नियन्त्रणको व्यवस्थापनमा प्रयोग भएका औषधीको अभिलेख राखिएको | | १ | | |
| ४.१० | बथानमा बाह्य परजीवी प्रकोपको ५% भन्दा कम रहेको | | १ | | |
| ४.११ | दर्तावाल पशु चिकित्सकको प्रिस्क्रिप्शनको आधारमा मात्र एन्टीवायोटिक्सको प्रयोग भएको | | १ | | |
| ४.१२ | उपभोगको लागि दूध आपूर्ति गर्दा Drug withdrawal period लाई ध्यान दिइएको | | २ | | |
| ४.१३ | हात धुने सुविधा उपलब्ध रहेको र काम | | १ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | गरिरहेको | | | | |
| ४.१४ | फुटबाथ अवस्थित रहेको र काम गरिरहेको | | १ | | |
| ४.१५ | फार्म भ्रमणमा आउने आगन्तुकहरूको लगबुक राखिएको | | १ | | |
| | **जम्मा अङ्क** | | २० | | |
| ५ | **पशु कल्याण सम्बन्धी सूचकहरू** | | | | |
| ५.१ | पशु कल्याणका आधारभूत पक्षहरूको पालना भएको | | १ | | अनिवार्य हुनुपर्ने |
| ५.२ | ५% भन्दा बढी पशुमा खुर वृद्धि वा लङ्गडापन नरहेको | | २ | | |
| ५.३ | कम्तीमा ७०% जनावरहरूको बडी कन्डिसन स्कोर २.५-३.५ को बीचमा रहेको | | १ | | |
| ५.४ | एयर ब्लोअर, ग्रुमर, पानी छर्कने, नुहाउने सुविधा भएको | | १ | | |
| | **जम्मा अङ्क** | | ५ | | |
| ६ | **जनशक्ति एवम् व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रबन्ध सम्बन्धी सूचकहरू** | | | | |
| ६.१ | कृषक/कामदारले दूध दुहुँदा/ह्यान्डल गर्दा सफा पोशाक, एप्रोन र सफा गमबुट लगाइएको | | १ | | अनिवार्य हुनुपर्ने |
| ६.२ | कृषक /कामदारसँग डेरी पशुपालन सम्बन्धी तालिम प्रमाणपत्र वा कार्य अनुभवपत्र भएको | | २ | | |
| ६.३ | मोटर,फयान, स्टयान्डबाइ जेनेरेटर जस्ता उपकरण र मेसिनहरूको चल्ने भागलाई ढाक्न पर्याप्त सुरक्षा गार्डहरूको व्यवस्था भएको | | १ | | |
| ६.४ | उचित सङ्केत सहितको प्राथमिक उपचार किटको उपलब्धता रहेको | | १ | | |
| | **जम्मा अङ्क** | | ५ | | |
| ७ | **पर्यावरणीय व्यवस्थापन सम्बन्धी** | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | **सूचकहरू** | | | | |
| ७.१ | ठोस फोहोरलाई विशेषताको आधारमा उचित रुपमा विसर्जन गरिएको | | १ | | |
| ७.२ | मरेको जनावरलाई राम्ररी गाडिएको | | १ | | |
| ७.३ | मललाई कम्पोष्ट गर्ने वा बायोग्यास उत्पादनको लागि प्रयोग गरिएको | | १ | | |
| ७.४ | तरल फोहोरलाई छुट्टै जम्मा गर्ने वा पानीको स्रोतबाट २० मि. टाढा राखिएको | | १ | | |
| ७.५ | झिँगा र किराहरूलाई प्रजनन् क्षेत्रहरू न्यूनीकरण गरेर, स्प्रे गरेर नियन्त्रण गरिएको | | १ | | |
| | **जम्मा अङ्क** | | ५ | | |
| ८ | **अभिलेख व्यवस्थापन सम्बन्धी सूचकहरू** | | | | |
| ८.१ | टयाग, माइक्रोचिप वा उपयुक्त पहिचान सबै पशुमा लागू गरिएको | | २ | | अनिवार्य हुनुपर्ने |
| ८.२ | पहिचानको आधारमा सबै पशुको अभिलेख जन्मदेखि फार्मबाट बाहिर निस्किएसम्म कायम गरिएको | | १ | | |
| ८.३ | प्रजनन् रेकर्ड, स्वास्थ्य अभिलेख, उत्पादन रेकर्ड, कीटाणुनाशक प्रयोग प्रत्येक जनावरको डिजिटल वा म्यानुअल रुपमा राखेको र प्रत्येक २ हप्तामा अध्यावधिक गरिएको | | २ | | |
| | **जम्मा अङ्क** | | ५ | | |

**ख) फार्म मूल्याङ्कनको सारांश**

| **क्र.सं.** | **मूल्याङ्कनको आधार** | **कुल पूर्णाङ्क** | **प्राप्ताङ्क** |
|---|---|---|---|
| १ | गोठ सम्बन्धी सूचकहरू | २० | |
| २ | सफा दूध उत्पादन सम्बन्धी सूचकहरू | २० | |
| ३ | पशु प्रजनन् र पशु पोषण सम्बन्धी | २० | |

| | | | |
|---|---|---|---|
| | सूचकहरू | | |
| ४ | पशु स्वास्थ्य, रोग नियन्त्रण र फार्म जैविक सुरक्षा सम्बन्धी सूचकहरू | २० | |
| ५ | पशु कल्याण सम्बन्धी मूल्याङ्कन सम्बन्धी सूचकहरू | ५ | |
| ६ | जनशक्ति एवम् व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रबन्ध सम्बन्धी सूचकहरू | ५ | |
| ७ | पर्यावरणीय व्यवस्थापन सम्बन्धी सूचकहरू | ५ | |
| ८ | अभिलेख व्यवस्थापन सम्बन्धी सूचकहरू | ५ | |
| कुल अङ्क | | १०० | |
| **सबै अनिवार्य मापदण्ड पुरा भए/नभएको** | | | |

**ग) परीक्षकको नोटः** परीक्षकले महत्वपूर्ण अतिरिक्त बुँदाहरू यदि कुनै भएमा स्पष्ट र संक्षिप्त रुपमा समावेश गर्नेछ।

१.

२.

३.

४.

| |
|---|
| **परीक्षकको नामः** |
| **परीक्षण गरिएको फार्मको नाम र ठेगाना :** |
| **परीक्षकको दस्तखत :** |

अनुसूची-१०

(दफा १३ को उपदफा (२) सँग सम्बन्धित)

**बङ्गुरपालन असल अभ्यास मापदण्ड**

**१. बङ्गुरपालन प्रणाली र फार्म व्यवस्थापन सम्बन्धी मापदण्डः**

**१.१. फार्म दर्ता, उद्देश्य र प्रणाली देहाय बमोजिम हुनुपर्नेछ -**

(क) बङ्गुर फार्म आधिकारिक निकायमा दर्ता भएको प्रमाणपत्र र वार्षिक नवीकरण भएको कागजात राखिएको हुनुपर्ने,

(ख) पर्याप्त जैविक सुरक्षाको उपाय अपनाई अर्ध सघन, सघन, एकिकृत वा चरन प्रणालीमध्ये एक प्रणाली अपनाईएको हुनुपर्ने,

(ग) ब्याउने माउ पाल्ने वा पाठापाठी हुर्काएर मासुको लागि बिक्री गर्ने अवधिसम्म पाल्ने वा प्रजनन्को लागि न्यूक्लियस, मल्टिप्लाएर, र पाठापाठी उत्पादन गर्नेमध्ये एक निश्चित उद्देश्य र उत्पादन पद्धति अपनाएर बङ्गुर फार्मको स्थापना भएको हुनुपर्ने।

**१.२. बङ्गुर फार्मस्थल देहाय बमोजिम हुनुपर्नेछ -**

(क) भौतिक, रासायनिक र जैविक तत्वले असर नपर्ने स्थानमा बङ्गुर फार्म हुनुपर्ने,

(ख) बङ्गुर फार्म घना मानव बस्ती, बधस्थल, बजार क्षेत्र र मुख्य राजमार्गबाट कम्तिमा १०० मिटर टाढा हुनुपर्ने,

(ग) बङ्गुर फार्म पशुपन्छी बजार तथा वधशालाबाट कम्तिमा १०० मिटरभन्दा टाढा हुनुपर्ने,

(घ) स्थानीय समुदायको सहमतिमा बस्ती वा बजार क्षेत्रमा स्थापित फार्मले जैविक सुरक्षाको उपायहरू अवलम्बन गरेको र सामुदायिक गुनासो सम्बोधन गरेको हुनुपर्ने।

**१.३. फार्मको नक्साङ्कन सम्बन्धी प्रावधान -**

(क) उमेर समूह, अवस्था तथा अन्य वर्ग अनुसारका बङ्गुरको ब्यवस्थापन र जैविक सुरक्षाको व्यवस्था हुनेगरी फार्मको स्पष्ट नक्साङ्कन गरिएको हुनुपर्ने,

(ख) बङ्गुरलाई आवश्यक पर्ने आधारभुत सुविधाहरू, उपचार गर्ने स्थान र बिरामी पशु अलग्गै राख्ने व्यवस्था उपलब्ध भएको हुनुपर्ने,

(ग) अनावश्यक जनावर तथा व्यक्ति प्रवेश गर्न नसक्ने गरी फार्म क्षेत्रको वरिपरि बारबन्देज लगाएको हुनुपर्ने।

**१.४. बङ्गुरको खोरमा आवश्यक सुविधा सम्बन्धि व्यवस्था -**

(क) उमेर समूह र शारीरिक अवस्था अनुसार आवश्यक पर्ने बस्ने स्थान, दाना र पानी दिने स्थान उपलब्ध हुनुपर्ने,

(ख) सबै वर्गका बङ्गुरहरूलाई छुट्टाछुट्टै निश्चित आकारको खोरमा राखिएको हुनुपर्ने,

(ग) खोर बलियो, सफा र मर्मत सम्भार गर्न सजिलो हुनुपर्ने,

(घ) ढल निकासको राम्रो व्यवस्था गरिएको हुनुपर्ने,

(ङ) भुईं खस्रो र नचिप्लने किसिमको हुनुपर्ने।

**२. बङ्गुरको जात र प्रजनन् सम्बन्धी मापदण्डः**

**२.१. बङ्गुरको जातको छनौट गर्दा स्थानीय हावापानी र उत्पादन प्रणालीमा उपयुक्त जात हुनुपर्ने छ-**

(क) विभागले सिफारिस गरेको जातको बङ्गुर र तिनको वर्णशंकर मात्र पालिएको हुनुपर्ने,

(ख) अन्य जातको हकमा सङ्घीय प्रमाणीकरण समितिको निर्णय बमोजिम हुने।

**२.२. प्रजनन्को लागि राखिएको बङ्गुरको छनौट गर्दा तिनमा विद्यमान महत्वपूर्ण गुणहरूको आधारमा छनौट गरिनुपर्नेछ -**

(क) महत्वपूर्ण गुणहरूमा शारीरिक वृद्धि दर, दानालाई मासुमा परिवर्तन गर्ने दर, पाठापाठी जन्माउने सङ्ख्या, थुनको सङ्ख्या र शारीरिक बनावटका आधारमा उपयुक्त देखिएको हुनुपर्ने,

(ख) बङ्गुरको शुद्ध जात उत्पादन गर्न छनौट गरी प्रजनन् गराउने विधिको अभ्यास भएको हुनुपर्ने,

(ग) हाडनातामा प्रजनन् नहुने गरी प्रजनन् व्यवस्थापन भएको हुनुपर्ने।

**३. आहारा व्यवस्थापन सम्बन्धी मापदण्ड :**

**३.१. बङ्गुरहरूले उमेर, तौल र उद्देश्य अनुसार आवश्यक पर्ने पौष्टिक तत्व प्राप्त गरेको हुनुपर्नेछ -**

(क) नयाँ जन्मेका सबै पाठापाठीलाई सही तरिकाले बिगौती दूध खुवाएको हुनुपर्ने,

(ख) दानाको भण्डारण गर्ने र दाना खाने उपकरणको आवश्यक सङ्ख्यामा व्यवस्था भएको हुनुपर्ने,

(ग) सबै वर्गका बङ्गुरहरूलाई दैनिक दुई देखि तीन पटक दाना दिइएको हुनुपर्ने,

(घ) पाठापाठी जन्मेको ३ हप्ता पछि क्रिप दाना खुवाउने व्यवस्था गरिएको हुनुपर्ने,

(ङ) बङ्गुरको आहारामा आवश्यक पोषक तत्वहरूको मात्रा ठीक भएको र भौतिक अवस्था राम्रो देखिएको हुनुपर्ने।

**३.२. दाना तथा दाना बनाउन प्रयोग गरिने कच्चा पदार्थहरू स्वच्छ तथा गुणस्तरीय हुनुपर्नेछ -**

(क) दाना र दाना बनाउने सामग्रीहरू भरपर्दो कम्पनीबाट किनेको, राम्रो गुणस्तर रहेको र सहि तरिकाले भण्डारण गरिएको हुनुपर्ने,

(ख) सरकारले बन्देज लगाएको तत्वहरू दानामा प्रयोग नभएको हुनुपर्ने,

(ग) भेटेरिनरी डाक्टर वा प्राविधिकले दानाको सामग्री, फिड एडिटिभ मिसाउँदा निगरानी गरेको हुनुपर्ने,

(घ) डिस्टिलरी वा खाद्य उद्योगबाट निस्केको उप-पदार्थ वा खेर गएको खाद्य पदार्थ बङ्गुरलाई खुवाउने भएमा राम्रोसँग पकाएर तथा सन्तुलित गरेर मात्र दिनु पर्ने,

(ङ) सन्तुलित दाना बनाउन उपयुक्त उप-पदार्थ प्रयोग गरेको हुनुपर्ने।

**३.३. आवश्यकता अनुसारको परिमाणमा सफा, सुरक्षित, गुणस्तरीय पानी उपलब्ध हुनुपर्ने –**

(क) पानी खाने भाँडो वा निप्पलमा स्वतन्त्र रूपले पुग्ने गरी सबै वर्गका बङ्गुरलाई आवश्यकता अनुसार (कम्तिमा दानाको परिमाणको दुई गुणा) पानी उपलब्ध गराईएको हुनुपर्ने,

(ख) हरेक अवस्थाको बङ्गुरलाई चाहेजति पानी पिउनको लागि हर समय उपलब्ध भएको हुनुपर्ने ।

**४. रोगको रोकथाम, नियन्त्रण र फार्म जैविक सुरक्षा सम्बन्धी मापदण्ड :**

**४.१. जैविक सुरक्षाका उपायहरूको अवलम्बन गरेको हुनु पर्नेछ -**

(क) मानिस तथा सवारी साधन फार्मको ढोका भित्र छिर्दा र बाहिर निस्कँदा रोग नियन्त्रणको उपायहरू जस्तै, उपयुक्त निसङ्क्रमणको व्यवस्था गरिएको हुनुपर्ने,

(ख) स्वस्थ बङ्गुरको खोरबाट अलग्गै बिरामी पशु राख्ने व्यवस्था गरिएको हुनुपर्ने,

(ग) एक बङ्गुर खोरदेखि अर्को खोरमा रोग सर्नबाट रोक्न रोकथाम र नियन्त्रणका उपायहरू अपनाइएको हुनुपर्ने।

**४.२ उपचार, खोप र परजीवी नियन्त्रणका उपायहरू अवलम्बन गरको हुनुपर्नेछ -**

(क) आन्तरिक र बाह्य परजीवी नियन्त्रणको लागि नियमित औषधी प्रयोग भएको हुनुपर्ने,

(ख) खोरेत, क्लासिकल स्वाइन फिभर जस्ता सङ्क्रामक रोगहरू विरुद्ध तालिका बमोजिम खोप कार्य गरेको हुनुपर्ने,

(ग) पाठापाठीलाई जन्मेको चौंथो र चौधौं दिनमा आइरनको सुई दिएको हुनुपर्ने,

(घ) आकस्मिक प्रयोगको लागि औषधी र खोपहरू फार्ममा उपलब्ध भएको हुनुपर्ने,

(ङ) रोग र प्रयोग भएका औषधीहरूको अभिलेखीकरण गरिएको हुनुपर्ने।

## ५. पशु कल्याण सम्बन्धी मापदण्डः

### ५.१ सबै वर्गका बङ्गुरलाई फार्ममा आरामपूर्वक बस्ने वातावरण सुनिश्चित गर्नुपर्नेछ -

(क) पशु कल्याणका आधारभूत पक्षहरूको पालना भएको हुनुपर्ने,

(ख) चोटपटक लागेको, बिरामी र अशक्त भएका बङ्गुरहरूको तुरुन्त उपचार भएको हुनुपर्ने,

(ग) बन्ध्याकरण गर्दा वा अन्य शल्यक्रिया गर्दा निर्मलीकरण गरिएको उपकरण र सिफारिस भए बमोजिमका औषधीको प्रयोग गर्नुपर्ने।

### ५.२ बङ्गुर ढुवानी सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनुपर्ने -

(क) ढुवानी गर्दा सबै वर्गका बङ्गुरले प्रशस्त बस्ने ठाँउ, सोत्तर सामग्री र यात्रा अवधि भरी तनाव नहुने गरी तथा दुखाई र चोटपटक नलाग्ने गरी ढुवानी गर्नुपर्ने,

(ख) बङ्गुर ढुवानी गर्दा नियमानुसार आधिकारिक व्यक्तिबाट जारी गरिएको ढुवानी स्वीकृती तथा स्वास्थ्य प्रमाणपत्र साथमा राख्नुपर्ने,

(ग) पशु ढुवानी मापदण्ड, २०६४ पूर्ण रुपले पालना भएको हुनुपर्ने।

## ६. पर्यावरण व्यवस्थापन सम्बन्धी मापदण्डः

### ६.१ फोहोर र फोहोर पानीको उपचार गरेको हुनुपर्नेछ –

(क) फोहोर जम्मा हुन नदिन नियमित रुपले फोहोर सफा गरिएको हुनुपर्ने,

(ख) फार्मबाट उत्पादित फोहोरलाई कम्पोष्ट खाडल, गाड्ने ठाउँ र जैविक मल बनाउने उपकरणमध्ये उपयुक्त विधिको निर्माण गरी सहि तरिकाले फार्मको फोहर तह लगाइएको हुनुपर्ने,

(ग) फार्मबाट निस्कने दुर्गन्ध न्यूनीकरण गर्न उचित व्यवस्थापनका विधिहरू अवलम्बन गरिएको हुनुपर्ने,

(घ) मरेका पशुलाई जङ्गली जनावर र अन्य शव भक्षीहरूको पहुँच नपुग्ने गरी गहिरो खाडलमा व्यवस्थापन गर्ने गरिएको हुनुपर्ने,

(ङ) बङ्गुरको शव रहेको वा पुरेको खाडल वरिपरी उपयुक्त डिसईन्फेक्टेन्ट प्रयोग गरी निसङ्क्रमण गर्ने गरिएको हुनुपर्ने।

### ६.२ प्रतिकुल वातावरणीय प्रभाव न्यूनीकरण गरेको हुनु पर्नेछ, -

(क) २००० भन्दा बढी सङ्ख्यामा बङ्गुरपालन गरिने फार्मको हकमा प्रारम्भिक वातावरणीय परीक्षण गरिएको र सो भन्दा कममा वातावरणीय आचारसंहिता लागू गरिएको हुनुपर्ने,

(ख) हरितगृह ग्याँसको उत्सर्जन कम गर्न फार्मबाट निस्कने ठोस र तरल फोहर तथा मल आदि उपयुक्त किसिमले विसर्जन, उपयोग वा सञ्चय गरिएको हुनुपर्ने।

## ७. जनशक्ति एवम् व्यवसायजन्य जोखिम न्यूनीकरण सम्बन्धी मापदण्डः

(क) बङ्गुरको व्यवस्थापन र हेरविचारको लागि पूर्णकालीन वा आशिंक समयमा काम गर्ने गरी पशु चिकित्सक तथा भेटेरिनरी प्राविधिक आवश्यक सङ्ख्यामा व्यवस्था भएको हुनुपर्ने,

(ख) कामदारहरूमा बङ्गुरको फार्ममा गरिने कार्यहरू, पशु कल्याण, उपकरण आदिको बारेमा आवश्यक पर्ने आधारभूत ज्ञान, सिप भएको हुनुपर्ने,

(ग) कामदारहरूले आवश्यकता अनुसारका सुरक्षा पोशाकहरू लगाएको, र आवश्यक व्यक्तिगत उपकरण आदि प्रयोग गर्नुपर्ने,

(घ) मोटर, पङ्खा, जेनेरेटर, चाफ कटर लगायतका उपकरणहरूमा उपयुक्त किसिमका सुरक्षा कभरहरू जडान गरेको हुनुपर्ने,

(ङ) कामदारहरूको नियमित स्वास्थ्य जाँच गर्ने गरिएको हुनुपर्ने।

## ८. अभिलेख व्यवस्थापन सम्बन्धी मापदण्डः

(क) सम्पूर्ण पशुहरूलाई उपयुक्त किसिमको पहिचान दिएको र त्यस्तो पहिचानको अभिलेख दुरुस्त राख्ने गरिएको हुनुपर्ने,

(ख) पशुको जन्मदेखि मृत्यु सम्मको विवरण पत्ता लाग्ने गरी अभिलेख भएको हुनुपर्ने,

(ग) आहाराको स्रोत तथा प्रयोग सम्बन्धी अभिलेख राखिएको हुनुपर्ने,

(घ) रोग र उपचार सम्बन्धी अभिलेख राखिएको हुनुपर्ने,

(ङ) प्रजनन् विधि र बिर तथा माउ बङ्गुरको वंशावली विवरण राखिएको हुनुपर्ने,

(च) कामदारको सङ्ख्या र हाजिरी राखिएको हुनुपर्ने,

(छ) न्युक्लियस फार्मको हकमा उपयुक्त कम्प्युटर सफ्टवेयर तयार गरेर प्रयोग गरेको हुनुपर्ने ।

## ९. बङ्गुरपालन असल अभ्यास मूल्याङ्कन तथा निरीक्षण फारम

| | | | |
|---|---|---|---|
| फार्मको नाम | | सञ्चालकको नाम | |
| फार्मको ठेगाना | | फोन/मोबाइल नं. | |
| फार्म दर्ता भएको निकाय | | फार्मको आकार (साना, मझौला, ठूला) | |
| फार्मको किसिम (ब्रिडर,फ्याटनर,पिगलेट उत्पादक) | | बङ्गुरका जात (सबै जातहरू उल्लेख गर्ने) | |
| फार्म निरीक्षकको नाम | | माउ र भाले बङ्गुर | |

| | | | |
|---|---|---|---|
| र संस्था | | सङ्ख्या | |
| निरीक्षण गरेको मिति | | पाठापाठी सङ्ख्या | |

**क) फार्म मूल्याङ्कनका सूचकहरू:**

| **१** | **बङ्गुरपालन प्रणाली र खोर व्यवस्थापन सम्बन्धी सूचकहरू** | **अवस्था हो/होइन/लागु नहुने** | **सम्भाव्य अङ्क** | **प्रासाङ्क** | **निरीक्षकको राय** |
|---|---|---|---|---|---|
| १.१ | फार्म रजिष्ट्रेशन वा दर्ता तथा नियमित नविकरण गरिएको | | २ | | अनिवार्य हुनुपर्ने |
| १.२ | फार्म स्थापनाको उद्देश्य निश्चित भएको | | २ | | अनिवार्य हुनुपर्ने |
| १.३ | उमेर/अवस्था अनुसार बङ्गुरहरूलाई आवश्यक वा निर्धारित क्षेत्रफलको व्यवस्था भएको | | २ | | अनिवार्य हुनुपर्ने |
| १.४ | खोरभित्र हावाको आवागमन सहित दुर्गन्ध न्यून पार्ने उपायको अवलम्बन गरिएको | | २ | | अनिवार्य हुनुपर्ने |
| १.५ | फार्म सुरक्षित र सफा स्थानमा स्थापना भएको | | १ | | |
| १.६ | फार्म स्थापना गर्दा नक्साङ्कन गरिएको | | २ | | |
| १.७ | अन्य फार्मबाट रोग नसर्ने वातावरण तयार भएको | | १ | | |
| १.८ | बङ्गुरको खोर मजबुत, सुरक्षित र सजिलै सफा गर्न सकिने खालको रहेको | | २ | | |
| १.९ | खोरको भुईं चिप्लो र धेरै खस्रो नभएकोले सुविधाजनक भएको | | २ | | |
| १.१० | खोर निर्माण गर्दा स्थानीय सामग्री प्रयोग गरिएको | | २ | | |
| १.११ | अत्यधिक गर्मी वा जाडोबाट | | २ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | जोगाउन आवश्यक व्यवस्था गरिएको | | | | |
| | **जम्मा अङ्क** | | २० | | |
| २ | **बङ्गुरको जात र प्रजनन् सम्बन्धी सूचकहरू** | | | | |
| २.१ | सिफारिस गरिएका बङ्गुरका जात मात्र पालिएको | | ३ | | अनिवार्य हुनुपर्ने |
| २.२ | बिर र भुनीको वंशावलीको अभिलेख राखिएको | | २ | | ब्रीडर र मल्टिप्लाएर फार्ममा अनिवार्य हुनुपर्ने |
| २.३ | जन्मेका पाठापाठीको वृद्धिदर अभिलेख राखिएको | | २ | | ब्रीडर र मल्टिप्लाएर फार्ममा अनिवार्य हुनुपर्ने |
| २.४ | प्रजनन् सम्बन्धी समस्याका बारेको अभिलेख राखिएको | | २ | | |
| २.५ | व्यवस्थित प्रजनन् पद्धति अपनाई प्राकृतिक वा कृत्रिम गर्भाधानको व्यवस्था गरिएको | | २ | | |
| २.६ | प्रजनन्को लागि भाले न्युक्लियस वा मल्टिप्लाएर फार्मबाट ल्याउने गरिएको | | २ | | |
| २.७ | हाडनाता प्रजनन् नभएको | | २ | | |
| | **जम्मा अङ्क** | | १५ | | |
| ३ | **पोषण तथा आहारा व्यवस्थापनसम्बन्धी सूचकहरू** | | | | |
| ३.१ | आहारा खपतको अभिलेख राखिएको | | २ | | अनिवार्य हुनुपर्ने |
| ३.२ | सफा र स्वच्छ पिउने पानी पर्याप्त मात्रामा उपलब्ध भएको | | २ | | अनिवार्य हुनुपर्ने |
| ३.३ | स्वील नखुवाइएको वा राम्रोसँग पकाएर मात्र खुवाइएको | | २ | | अनिवार्य हुनुपर्ने |
| ३.४ | बङ्गुरको आहारा मापदण्ड अनुसार प्रयोग गरिएको | | २ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.५ | आहारा आफैं बनाएको अवस्थामा सन्तुलित हुने गरी कच्चा पदार्थको प्रयोग गरिएको वा सन्तुलित तयारी दाना खुवाउने गरिएको | | २ | | |
| ३.६ | उमेर समूह तथा शारीरिक अवस्था अनुसार बङ्गुरहरूलाई आवश्यक मात्रामा दाना उपलब्ध भएको | | ३ | | |
| ३.७ | दाना र पानीका भाँडाकुँडा पर्याप्त मात्रामा उपलब्ध भएको | | २ | | |
| | **जम्मा अङ्क** | | **१५** | | |
| ४ | **रोगको रोकथाम, नियन्त्रण र फार्म जैविक सुरक्षा सम्बन्धी सूचकहरू** | | | | |
| ४.१ | विभिन्न रोग जस्तै स्वाईन फिवर, खोरेत जस्ता रोग विरुद्ध नियमित रुपमा खोप लगाइएको (प्रत्येक रोगको हेर्ने) | | ३ | | अनिवार्य हुनुपर्ने |
| ४.२ | नियमित रुपमा आन्तरिक र बाह्य परजीवी नियन्त्रण कार्य गरिएको | | २ | | अनिवार्य हुनुपर्ने |
| ४.३ | बिरामी पशुलाई छुट्टै राख्ने व्यवस्था भएको | | २ | | अनिवार्य हुनुपर्ने |
| ४.४ | पाठापाठीको दाँत काट्ने तथा आईरनको सुई दिने व्यवस्था भएको | | २ | | अनिवार्य हुनुपर्ने |
| ४.५ | फार्म भ्रमणमा आउने आगन्तुकहरूको लगबुक राखिएको | | १ | | अनिवार्य हुनुपर्ने |
| ४.६ | फार्ममा जैविक सुरक्षाको उचित व्यवस्था गरिएको | | २ | | |
| ४.७ | फार्ममा रोगको रोकथाम र | | २ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | नियन्त्रणको व्यवस्था तथा यसको रेकर्ड राख्ने गरिएको | | | | |
| ४.८ | बङ्गुरको प्राथमिक उपचारको लागि आवश्यक औषधी तथा सामग्रीहरू फार्ममा उपलब्ध रहेको | | २ | | |
| ४.९ | फार्ममा जैविक सुरक्षा र अन्य सूचनाको लागि साइनबोर्ड राखिएको | | १ | | |
| ४.१० | फार्ममा कार्यरत कामदारहरूको नियमित स्वास्थ्य परीक्षण गरी अभिलेख राखिएको | | १ | | |
| ४.११ | नियमित बङ्गुर जाँचका लागि पशु चिकित्सक वा प्राविधिकहरूसँग समन्वयको सुनिश्चित भएको | | २ | | |
| | **जम्मा अङ्क** | | २० | | |
| **५** | **पशु कल्याण सम्बन्धी मूल्याङ्कनसम्बन्धी सूचकहरू** | | | | |
| ५.१ | पशु कल्याणका आधारभूत पक्षहरूको पालना भएको | | २ | | |
| ५.२ | लङ्गडापन ५% भन्दा कम पशुमा रहेको | | २ | | |
| ५.३ | ढुवानी गर्दा आधिकारिक व्यक्तिबाट जारी गरिएको ढुवानी स्वीकृती तथा स्वास्थ्य प्रमाणपत्र प्रयोग गरिएको | | १ | | |
| | **जम्मा अङ्क** | | **५** | | |
| ६ | **पर्यावरणीय व्यवस्थापनसम्बन्धी सूचकहरू** | | | | |
| ६.१ | कम्पोष्ट खाडल, गाड्ने ठाउँ वा जैविक मल बनाउने उपकरण मध्ये उपयुक्त विधि अवलम्बन गरी फोहर तह लगाइएको | | २ | | अनिवार्य हुनुपर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| ६.२ | खोरमा मलमूत्रको सङ्कलन तुरुन्तै गरी र सरसफाईको अवस्था चुस्त पारिएको | | १ | | |
| ६.३ | फोहर मैलाको उचित व्यवस्थापनका लागि वायोग्यास प्रणाली स्थापना गरेको | | २ | | |
| | **जम्मा अङ्क** | | **५** | | |
| ७ | **जनशक्ति एवम् व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रबन्धसम्बन्धी सूचकहरू** | | | | |
| ७.१ | कृषक /कामदार सँग बङ्गुर पालन सम्बन्धी तालिमको प्रमाणपत्र भएको | | २ | | |
| ७.२ | कृषक/कामदारले काम गर्दा सफा पोशाक, एप्रोन र गमबुट लगाएको | | १ | | |
| ७.३ | मोटर,फ्यान, स्टयान्डबाइ जेनेरेटर जस्ता उपकरण र मेसिनहरूको चल्ने भागलाई ढाक्न पर्याप्त सुरक्षा गार्डहरूको व्यवस्था भएको | | १ | | |
| ७.४ | उचित सङ्केत सहितको प्राथमिक उपचार किटको उपलब्धता रहेको | | १ | | |
| | **जम्मा अङ्क** | | **५** | | |
| ८ | **अभिलेख व्यवस्थापनसम्बन्धी सूचकहरू** | | | | |
| ८.१ | प्रत्येक बङ्गुरमा पहिचान गरी रेकर्ड राख्ने गरिएको, | | ३ | | अनिवार्य हुनुपर्ने |
| ८.२ | औषधि उपचार, खोप र निसङ्क्रमणको रेकर्ड राख्ने गरिएको | | २ | | अनिवार्य हुनुपर्ने |
| ८.३ | बङ्गुरको आहारमा प्रयोग भएका फिड एडिटिभ्स, फिड सप्लिमेन्टस, वा कुनै प्रकारका औषधीको अभिलेख राखिएको | | २ | | अनिवार्य हुनुपर्ने |

| | | | | | |
|---|---|---|---|---|---|
| ८.४ | बाली लगाएको र भाले पोथीको रेकर्ड राख्ने गरिएको | | २ | | ब्रीडर र मल्टिप्लाएर फार्ममा अनिवार्य हुनुपर्ने |
| ८.५ | आम्दानी खर्च र सम्पत्तिको खाता अद्यावधिक राख्ने गरिएको | | २ | | |
| ८.६ | दैनिक फार्म गतिविधि र कामदारको अभिलेख राख्ने गरिएको | | २ | | |
| ८.७ | उत्पादन रेकर्डको विश्लेषण र मूल्याङ्कन गरी सुधारका प्रयास गरिएको | | २ | | |
| | **जम्मा अङ्क** | | **१५** | | |

**ख) फार्म मूल्याङ्कनको सारांश**

| **क्र.सं.** | **मूल्याङ्कनको आधार** | **कुल पूर्णाङ्क** | **प्राप्ताङ्क** |
|---|---|---|---|
| १ | बङ्गुरपालन प्रणाली र खोर व्यवस्थापन सम्बन्धी सूचकहरू | २० | |
| २ | बङ्गुरको जात र प्रजनन् सम्बन्धी व्यवस्था सम्बन्धी सूचकहरू | १५ | |
| ३ | पोषण तथा आहारा व्यवस्थापन सम्बन्धी सूचकहरू | १५ | |
| ४ | रोगको रोकथाम, नियन्त्रण र फार्म जैविक सुरक्षा सम्बन्धी सूचकहरू | २० | |
| ५ | पशु कल्याण सम्बन्धी मूल्याङ्कन सम्बन्धी सूचकहरू | ५ | |
| ६ | पर्यावरणीय व्यवस्थापन सम्बन्धी सूचकहरू | ५ | |
| ७ | जनशक्ति एवम् व्यवसायजन्य स्वास्थ्य र सुरक्षाको प्रबन्ध सम्बन्धी सूचकहरू | ५ | |
| ८ | अभिलेख व्यवस्थापन सम्बन्धी | १५ | |

| | | | |
|---|---|---|---|
| | सूचकहरू | | |
| **कुल अङ्क** | | १०० | |
| **सबै अनिवार्य मापदण्ड पुरा भए/नभएको** | | | |

**ग) परिक्षकको नोटः** परीक्षकले महत्वपूर्ण अतिरिक्त बुँदाहरू यदि कुनै भएमा, स्पष्ट र संक्षिप्त रुपमा समावेश गर्नेछ ।

१.

२.

३.

४.

| |
|---|
| **परीक्षकको नामः**<br><br>**परीक्षण गरिएको फार्मको नाम र ठेगाना :**<br><br>**परीक्षकको दस्तखतः** |

अनुसूची-११

(दफा १६ सँग सम्बन्धित)

**पशुपालन असल अभ्यास प्रमाणीकरण भएका पशुपालन फार्महरूले पेश गर्ने प्रतिवेदनको ढाँचा**

फार्मको नामः

फार्मको ठेगानाः

फार्म दर्ता भएको निकायः

फार्मको किसिम (खुला, बँधुवा, मिश्रित):

पशुका जात र सङ्ख्या (सबै जातहरू र
तिनको सङ्ख्या उल्लेख गर्ने):

दुधालु पशु सङ्ख्या (गाईभैंसीको हकमा):

सञ्चालकको नामः

फोन/मोबाइल नं :

PAN/VAT नं :

दैनिक दूध बिक्रीवितरण (गाईभैंसीको हकमा):

वार्षिक अवधिमा पशुको खरिद तथा बिक्रीवितरण सङ्ख्याः

वार्षिक खोप तालिका अनुसार सबै पशुमा खोप लागाईएको विवरण: (खोप कार्डको प्रतिलिपि संलग्न गरेको हुनुपर्ने)

गोठ वा खोरको किसिम र सङ्ख्याः (पशु र गोठ स्पष्ट देखिने फोटो सहित पेश गर्नुपर्ने)

वार्षिक अवधिमा पशुको उपचार गरेको विवरणः

पशु आहाराको प्रकारः

पशु प्रजनन् सम्बन्धी वार्षिक अभिलेखः ( कृत्रिम गर्भाधानको कार्डको प्रतिलिपि संलग्न गरेको हुनुपर्ने)

पशु कल्याणका आधारभूत व्यवस्थापनका पक्षहरूः